gjlj sNk
(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)
साप्ताहिक
web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek
वर्ष ९ अङ्क १९ पूर्णाङ्क ४०८ आइतवार, माघ ९, २०७३ Jan. 22, 2017, Sunday पृष्ठसङ्ख्या ६+२ मूल्य रु. १०/-

म्याग्दीको पहिचान पुर्ख्यौली

विस्तृत अन्तिम पृष्ठमा

दुर्गममा स्वास्थ्यकर्मी नहुँदा सेवा प्रभावित

- चार वटा संस्था कामचलाउको भरमा
- जिल्लाभर एक सय दरबन्दी खाली
- अधिकांश स्वास्थ्य संस्था प्रमुख विहिन
- सरुवामा समन्वय नगर्दा समस्या

■ सन्तोष गौतम/नवविकल्प

तस्विर : भगवती स्वास्थ्य चौकीमा बिरामीलाई परामर्श दिँदै करार दरबन्दीकी स्वास्थ्यकर्मी बिपासा परियार ।

तस्विर : नवविकल्प

म्याग्दीका ग्रामिण क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसारका प्राबिधिक जनशक्तीको अभाव भएको छ । स्वास्थ्यकर्मीको कमीले सर्वसाधारण नागरिकहरूले सास्ती भोग्नु परेको छ ।

चार वटा स्वास्थ्य संस्था करार दरबन्दीका स्वास्थ्यकर्मीले धानेका छन । अधिकांश स्वास्थ्य संस्थामा प्रमुख बिहीन छन् । दरबन्दी अनुसारका प्राबिधिकको पदपुर्ती नहुँदा दुर्गमका सर्वसाधारण गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नबाट बञ्चित भएका मुनाका यामबहादुर भण्डारीले बताउनुभयो ।

छ जनाको दरबन्दी भएको मुना स्वास्थ्य चौकीमा हाल कार्यालय सहयोगी सहित दुई जना मात्र छन् । "एक/एक जना हेल्थ असिस्टेन्ट र अनमीसंगै २ जना अहेवको गत महिना एकै पटक सरूवा भयो" भण्डारीले भन्नुभयो "एक जना करार अनमी र कार्यालय सहयोगीले संस्था धानेका छन् ।"

सदरमुकाम बेनी देखि दुई दिनमा पुगीने म्याग्दीको सबैभन्दा दुर्गम गाविस गुर्जामा कार्यरत चार जना स्वास्थ्यकर्मीको अघिल्लो महिना एकै पटक सरूवा भयो । कार्यरत कर्मचारीहरूको सरूवा भएको र नयाँ कर्मचारी नआएकाले समस्या भएको गुर्जाका बासिन्दाले बताएका छन् ।

"दुर्गम भएकाले कर्मचारी आउनै मान्दैनन्, आएपनि यहाँ पुरा समय बसेर काम गर्दैनन्" गुर्जाका अगुवा रिद्धबहादुर छन्त्यालले भन्नुभयो "तालीम, गोष्ठिको बाहनामा सदरमुकाम जाने स्वास्थ्यकर्मी महिनौसम्म उतै हराउँछन् । सर्वसाधारण आधारभुत औषधि उपचार सेवाबाट बञ्चित छन् ।"

मुना र गुर्जासंगै भुरूङ तातोपानी, पाखापानी स्वास्थ्य चौकीमा कार्यरत दरबन्दीका सबै स्थायी स्वास्थ्यकर्मी सरूवा भएपछि अहिले करारमा नियुक्त भएका कर्मचारीले धानेका छन् । पर्याप्त जनशक्ती नहुँदा भएका स्वास्थ्यकर्मीलाई कामको बोझ बढेको भगवती स्वास्थ्य चौकीका प्रमुख टिकाबहादुर शाहीले बताउनुभयो ।

विभिन्न तहका छ जनाको दरबन्दी रहेको भगवती स्वास्थ्य चौकीमा हाल दुई जना मात्र प्राबिधिक छन् । बिरामीको स्वास्थ्य परिक्षण, परामर्श, औषधि वितरण, प्रसुती केन्द्र, गाउँघर क्लिनिक र कार्यालय सञ्चालन गर्न सिमित जनशक्तीलाई समस्या भएको शाहीले बताउनुभयो ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार म्याग्दीमा रहेका ४१ वटा स्वास्थ्य संस्थामा हाल १११ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त छ । २४ वटा स्वास्थ्य चौकीका प्रमुख

बाँकी पृष्ठ ७ मा

कृषि बिमा लक्षित वर्गसम्म पुगेन

■ नवविकल्प

बाबियाचौर ८ रणवाङकी वुद्धीमाया बिकले विगत ५ वर्षदेखि दुई रोपनी भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी खेती गर्दै आउनुभएको छ । तरकारी खेतीलाई मुख्य आयस्रोत बनाएकी विकको बाली बिमा गर्ने इच्छा पुरा हुन सकेको छैन् ।

"बाली बिमा गरेमा असिना, खडेरी, रोगकिराले सताउँदा क्षतिपुर्ती पाउने सुनेकी छु" विकले भन्नुभयो "कहाँ र कसरी भन्ने जानकारी नहुँदा बिमा गरेको छैन् ।" बेनी नगरपालिका १४ सुर्केमेलामा एक दशकदेखि व्यवसायिक तरकारी खेती गर्दै आएका भिमबहादुर बानियाँलाई बालीको बिमा हुन्छ भन्ने जानकारी समेत छैन् ।

मौसमी र बेमौसमी तरकारी खेतीलाई आम्दानीको प्रमुख स्रोत बनाएका बा(नयाँ बाली बिमाको प्रक्रिया र फाईदाको बारेमा जानकारी नभएको बताउँनुहुन्छ । बेनपा १ लामगराका कृषक कमल थापाले कृषि बिमाको महत्व बुझेर बिमा गर्न चाहेपनि सो सुबिधा पाउनुभएको छैन् ।

"बिमा कम्पनीको कार्यालयमा जाँदा प्रतिनिधि भेटिदैनन्, खेतबारीमा आउदैनन्" थापाले भन्नुभयो "सहज पहुँच नहुँदा कृषि बिमा कार्यक्रमबाट कृषकले सुबिधा पाउन सकेका छैन् ।" ग्रामिण क्षेत्रका अधिकांश कृषकहरू बिमा सुबिधाको बारेमा बेखबर हुन जाने बुझेकाले पनि बिमा गर्न नसक्दा म्याग्दीमा तिन वर्षअघि लागू भएको कृषि बिमा कार्यक्रम प्रभावकारी बन्न सकेको छैन् ।

बिमा कम्पनीको बेवास्ता, बिमा प्रतिनिधिको निश्क्रियता, कृषकहरूनै बिमाको बारेमा बेखबर हुनु र सम्बन्धित निकायहरूबीच समन्वयको कमीका कारण कृषि बिमा कार्यक्रममा लक्षित वर्गको पहुँच पुग्न नसकेको हो । ग्रामिण क्षेत्रका अधिकांश कृषकहरूले बिमा गर्ने र क्षतिपुर्ती पाउने प्रक्रियाको बारेमा अनभिज्ञ रहेको बताएका छन् ।

बाँकी पृष्ठ ७ मा

टाइपिङ, सेटिङ र डिजाइनका लागि भरपर्दो ठाउँ
शर्मा डेस्कटप
मो.नं. ९८५७६२१५६०

कैलाश मुद्दती खाता
खुशी भनेकै बढी प्रतिफल पाउनु हो ।
१०%
• १ वर्षे मुद्दती खाता
• त्रैमासिक ब्याज भुक्तानी
कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.
www.kailashbank.com

STUDY & WORK IN **JAPAN**

Admission Open ....

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preperation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & *Many more.*

INTAKE: April/July/October/January

Your bridge for aboard study in **Japan**
for more detail visit us.............

S. Raj Language Institute (P) Ltd.
Sangam Chock-Beni
Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

सूचना

फोहोर मैला व्यवस्थापन गरौं, हावा, पानी स्वच्छ राखौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

5f]s/L

बेनी-महारानीथान सडक कालोपत्रेको तयारी

■ नवविकल्प

म्याग्दीको सदरमुकाम बेनी स्थित धार्मीक तथा पर्यटकीय स्थल महारानी थानसम्म जाने सडक कालोपत्रे गर्ने तयारी भएको छ ।

सडक डिभिजन कार्यालय बागलुङ मार्फत करिब एक किलोमिटर दुरीको यो सडक स्तरवृद्धी र कालोपत्रे गर्ने तयारी भएको हो । बेनी बजार महारानी मन्दिर जाने सडक योजनालाई यो वर्ष ४४ लाख बिस हजार रूपैयाँ बजेट प्राप्त भएको डिभिजन प्रमुख ईञ्जिनियर थानेश्वर खत्रीले बताउनुभयो ।

उहाँका अनुसार पहिले चार लाख रूपैया बजेट बिनियोजन भएको यो योजनालाई भौतिक योजना तथा यातायात मन्त्रालयले मंगलबार थप चालीस लाख बजेट स्वीकृत गरेको छ । प्रधानमन्त्रीको निजी सचिवालयका सदस्य पुनम खड्काको पहलमा बजेट थप भएको जनाइएको छ ।

यसै वर्ष सम्पन्न गर्नेगरी योजनाको काम अघि बढाउन ठेक्का प्रक्रिया सुरू गरिसकेको डिभिजन प्रमुख खत्रीले बताउनुभयो । प्रारम्भिक चरणको सर्वेक्षण र ठेक्का आव्हान गरिसकेको उहाँले बताउनुभयो । ठेक्का प्रक्रियापछि अर्को चरणको सर्वेक्षण र काम सुरू हुने ईञ्जिनियर खत्रीले बताउनुभयो ।

बेनी बजार नजिकै रहेको महारानी थानमा पुजाआजा र भाकल गरेमा मनोकाक्षा पुरा हुने जनविश्वास रहेको छ । मंगलबार र शनिबार पुजाआजा हुने महारानी बेनीको प्रमुख धार्मीक स्थल मानिन्छ । बेनी-पाखापानी सडक अन्तरगत पर्ने महारानी थान नजिकै वौद्ध स्तुपा समेत रहेको छ ।

ताकमबासी आन्दोलनमा

■ नवविकल्प

प्रस्तावीत धौलागिरी गाउँपालीकाको केन्द्र ताकममा कायम गर्न स्थानीय बासिन्दाले दवावमुलक आन्दोलन थालेका छन् ।

ताकममा क्रियाशिल राजनितिक दल, युवा कल्व, आमा समूह लगायतका संघ संस्थाहरूको एक टोलीले गाउँ पालीकाको केन्द्र ताकममा बनाउन माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयमा ज्ञापनपत्र पठाएका छन् । पहिलो चरणमा प्रमुख जिल्ला अधिकारी केशवराज आचार्य र स्थानीय विकास अधिकारी प्रेमराज गिरी मार्फत ज्ञापनपत्र मन्त्रिपरिषद् र स्थानीय विकास मन्त्रालयमा ज्ञापनपत्र पठाएको संघर्ष समितिले थप आन्दोलनका कार्यक्रम समेत तय गरेको छ ।

यसैगरी जिल्लामा क्रियाशिल सबै राजनितिक दलका पार्टी कार्यालयमा समेत ज्ञापनपत्र बुझाएका छन् । स्थानीय तहको सिमाना, संख्या निर्धारण गर्न बनेको आयोगले गत हप्ता सरकारलाई प्रतिवेदन बुझाएको छ ।

प्रतिवेदनमा धौलागिरी गाउँपालीकाको अस्थाई केन्द्र मुनामा काम गर्न उल्लेख भएको भन्दै ताकमका बासिन्दा आन्दोलनमा उत्रिएका हुन् । यसअघि रघुगंगा गाउँपालीकाको केन्द्र मौवाफाँटलाई बनाउनुपर्ने माग राख्दै पिप्ले र भगवतीका बासिन्दाले समेत आन्दोलन घोषणा गरिसकेका छन् ।

स्थानीय तह पुनसंरचनाका लागि जिल्लामा गठित प्राबिधिक सहयोग समितिले धौलागिरी गाउँपालीकाको केन्द्र ताकम र मुना मध्य एक ठाउँ तोक्न सिफारीस गरेको थियो । जिविस, प्रशासन र राजनितिक दलका नेताहरूले भने आयोगको प्रतिवेदन सार्वजनिक नभएकाले आधिकारीक जानकारी नभएको बताएका छन् । पुर्वाधार, आयोगको मापदण्ड लगायतका आधारमा गाउँपालीकाको केन्द्र ताकम उपयुक्त हुने संघर्ष समितिको भनाई छ । विपद्को कम जोखिम र सबैलाई पायक पर्ने तथा पर्याप्त पुर्वाधार भएकाले ताकम केन्द्र बनाउनुपर्ने स्थानीय अगुवा देवबहादुर थापाले बताउनुभयो ।

मल्कवाङ, मराङ, ताकम, मुना, मुदी, गुर्जा र लुलाङ गाविसलाई समेटेर धौलागिरी गाउँपालीका प्रस्ताव गरिएको छ । ताकम, धारापानी, हिलापोखरीका महिला, युवा, राजनितीकर्मीहरूको टोलीले प्ले कार्ड र नारा लगाउँदै प्रशासन र जिविसमा ज्ञापनपत्र बुझाउन गएका थिए । पहिलो चरणको आन्दोलनबाट माग पुरा नभए दोस्रो चरणमा थप आन्दोलनका कार्यक्रम गर्ने संघर्ष समितिले जनाएको छ ।

विद्युतीय पुस्तकालय जडान सुरु

■ नवविकल्प

म्याग्दीका सामुदायिक विद्यालयमा विद्युतीय पुस्तकालय जडान गर्नका लागि प्राबिधिक टोली परिचालन भएका छन् ।

याग्दी प्रवासी नेपाली संघ (मोना) र नेपाल लाईब्रेरी फाउण्डेशन बीच म्याग्दीका सबै माध्यमीक विद्यालयमा विद्युतीय पुस्तकालय स्थापना गर्ने विषयमा भएको सम्झौता अनुसार जडान गर्ने तयारी भएको छ ।

फाउण्डेशनका ई पुस्तकालय शाखा प्रमुख बसन्त कृष्ण श्रेष्ठ र कम्प्युटर इन्जिनियर सुरीत अर्यालको टोली विद्युतीय पुस्तकालय जडानका लागि खटिएको मोनाका कोषाध्यक्ष एवं ईलाईब्रेरी संयोजक चक्रबहादुर थापाले जानकारी दिनुभयो । टोलीले पहिलो चरणमा म्याग्दी बहुमुखी क्याम्पस र १० वटा विद्यालयमा विद्युतीय पुस्तकालय जडान गर्नेछ् ।

दरवाङको जनप्रिय, तोरीपानीको गलेश्वर, धारापानीको किसानी, भिरमुनीको पौलत्य, सिंगाको धौलागिरी, पूर्णगाउँको राष्ट्रिय जनजागृती, कुहुँको दिपशिखा, हिदीको सिद्ध शान्ति र बेगको महादेव माविमा तथा डाँडाखेतको बालमन्दिर आधारभुत विद्यालयमा विद्युतीय पुस्तकालय जडान गरिने भएको छ ।

अन्य विद्यालयमा दोस्रो चरणमा जडान गर्ने मोनाले जनाएको छ । म्याग्दी प्रवासी नेपाली संघ (मोना)को पहल, नेपाल लाईब्रेरी फाउण्डेशन र एनआरएनको सार्वजनीक पुस्तकालय कार्यदलको सहयोग तथा जिल्ला शिक्षा कार्यालयको सहकार्यमा विद्युतीय पुस्तकालय स्थापना गर्न लागिएको हो ।

ईन्टरनेटको प्रयोगबिनै कम्प्युटरमा पाठ्यपुस्तक पढ्न, दृष्य हेर्न र श्रब्य सामाग्री सुन्न सकिने प्रबिधि जडित विद्युतीय पुस्तकालयले शिक्षाको गुणस्तर, विद्यार्थीको पढाईप्रती रूची र सिकाई उपलब्धी बढाउन मद्दत गर्ने अपेक्षा गरिएको छ । विद्युतीय पुस्तकालयमा ईन्टरनेट नभएको अवस्थामा पनि पाठकले आफूले चाहेको पुस्तक अध्ययनका साथै शिक्षा, स्वास्थ्य, कृषि, वातावरण लगायत विषयसंग सम्बन्धित सन्देशमुलक श्रब्य, दृष्य सामाग्री हेर्न र सुन्ने सुबिधा हुन्छ ।

पुस्तकालयमा कक्षा २ देखि ७ सम्मको पाठ्यक्रम र आठ हजार विभिन्न बिधाका पुस्तक डिजीटलाईज्ड गरिएको सफट्वेयर जडान गरिएको छ । पुस्तकालय स्थापनाका लागि सम्बन्धित विद्यालय तथा संस्थाले कम्प्युटर लगायत पुर्वाधार ब्यवस्थापन, मोनाले सफ्टवयर खरिदमा आर्थिक सहयोग र फाउण्डेशनले प्राबिधिक सहयोग गर्ने भएका छन् ।

फोटो कथा

सन्तोष गौतम



परम्परागत प्रबिधि : म्याग्दीको बाबियाचौर गाविसको सिममा परम्परागत प्रबिधिको कोलमा उखु पेल्दै स्थानीय बासिन्दा ।



रत्नेचौरमा तोरी फूल्दा : बेनी नगरपालिका १ रत्नेचौरको फाँटमा गरिएको तोरी खेती फुलेर पँहेलपुर बनेको छ ।



श्रमदान : बेनी नगरपालिका ३ भकुण्डेका बासिन्दा ज्यामरुककोट, अर्जम रत्नेचौर खानेपानी तथा सरसफाई आयोजनाको पाईपलाईन खन्न श्रमदान गर्दै ।

म्याग्दी जेसीजको पदस्थापना

■ नवविकल्प

व्यवस्थापिका संसदका सदस्य तथा पुर्व राज्यमन्त्री नरदेवी पुनले समावेशी र सन्तुलीत विकासका लागि महिलामा नेतृत्व विकासको आवश्यकता रहेको बताउनुभयो । बेनीमा शनिबार म्याग्दी जेसीजको १८ औं पदस्थापना तथा पुरस्कार वितरण कार्यक्रममा सांसद पुनले महिला, दलित, जनजाती, युवा लगायत लक्षित वर्गमा नेतृत्वको विकास नहुँदा उनिहरूका लागि राज्यले प्रदान गर्ने सुबिधा दुरूपयोग भएको बताउनुभयो । लक्षित वर्गका लागि सरकारले छुट्टाउने बजेट सहि नेतृत्वको अभावमा सदुपयोग हुन नसकेको बताउँदै पुर्व पशुपंक्षी राज्यमन्त्री समेत रहनुभएकी पुनले महिलामा नेतृत्वको विकास नभएसम्म सामाजिक परिवर्तन असम्भव रहेको बताउनुभयो ।

संबैधानीक व्यवस्था कार्यान्वयनका लागि सबैभन्दा पहिले युवा महिलाहरूमा नेतृत्व क्षमत्ताको विकास गराउनका लागि भुमिका खेल्न सांसद पुनले आग्रह गर्नुभयो । उहाँले युवाहरूलाई सिर्जनशिल र रचनात्मक क्रियाकलापमा संलग्न गराई विकृतीबाट टाढा राख्नुपर्नेमा जोड दिनुभयो ।

सो कार्यक्रममा म्याग्दी जेसीज वर्ष २०१६ का अध्यक्ष भिमसेन बराईली लगायत पदाधीकारीहरूले २०१७ का लागि निर्वाचित शाखा अध्यक्ष नारायण बराल लगायतका पदाधीकारीहरूलाई पद हस्तान्तरण गर्नुभएको थियो ।

२०१७का लागि बरालको नेतृत्वमा चयन भएको शाखाको बरिष्ठ उपाध्यक्षमा बद्रिप्रसाद पौडेल, महासचिवमा खम थापामगर, कोषाध्यक्षमा सुमन श्रेष्ठ र उपाध्यक्षहरूमा भुपेन बानिया, सुजन बरूवाल, कमल खत्री, बिरेन्द्र श्रेष्ठ, शैलेश श्रेष्ठ र शुशिल थकाली रहनुभएको छ । यसैगरी शाखा सम्पादकमा बिपीन बानिया, सहसचिवमा सागर सुवेदी र सहकोषाध्यक्षमा बिना घर्तीमगर मनोनीत हुनुभएको छ । शाखामा रहेर उत्कृष्ट कार्य गर्ने पदाधीकारी, सदस्य र पुर्व अध्यक्षहरूलाई सम्मान गरिएको कार्यक्रममा जिल्लामा क्रियाशिल राजनितिक दल र सामाजिक संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिती रहेको थियो । पुर्व अध्यक्ष नवराज पौडेलले स्वागत गर्नुभएको कार्यक्रमको पुर्व अध्यक्ष बिनय श्रेष्ठ र नवनिर्वाचित महासचिव खम थापामगरले सञ्चालन गर्नुभएको थियो । जेसीजले म्याग्दीमा युवाहरूको क्षमत्ता तथा नेतृत्व विकाससंगै विभिन्न सामाजिक क्रियाकलाप गर्दै आएको छ ।

समझदारीका लागि सरकारले अग्रसरता देखाउनुपर्ने

■ नवविकल्प

नेकपा एमालेका सचिव प्रदिप ज्ञवालीले राजनितिक समझदारी कायम गरी निर्वाचनको वातावरण बनाउन सरकारले अग्रसरता देखाउनुपर्ने बताउनुभयो । संसोधन प्रस्ताव थाती राखेर राजनितिक समझदारी कायम गर्न सकिने उहाँको भनाई छ । प्रेस चौतारी म्याग्दीले शनिबार बिहान बेनीमा आयोजना गरेको पत्रकार सम्मेलनमा सचिव ज्ञवालीले सरकारले व्यवस्थापिका संसदमा दर्ता गरेको संबिधान संसोधन प्रस्तावलाई थाती राख्ने प्रतिवद्धता जनाए राजनितिक गतिरोधको गाँठो फुक्ने बताउनुभएको हो ।

“सरकारले संसोधन बिधेयकलाई यथास्थितीमा राखेर निर्वाचन सम्बन्धि बिधेयक अघि बढाए राजनितिक समझदारी कायम भई संबिधान कार्यान्वयनको वातावरण बन्छ” सचिव ज्ञवालीले भन्नुभयो । संबिधान कार्यान्वयनका लागि आगामी एक वर्षभित्र तिन वटै तहको निर्वाचन गर्ने वातावरण बनाउन सबैले जितेको अनुभुती हुने गरि समझदारी कायम गराउन पहल भैरहेको सचिव ज्ञवालीले जानकारी दिनुभयो । निर्वाचनका लागि राजनितिक समझदारीको वातावरण बनाउन सरकारले अग्रसरता देखाउनुपर्ने सचिव ज्ञवालीको भनाई छ ।

“संबिधान जारी गर्ने बेलामा एक ठाउँमा उभिएका राजनितिक शक्तिबीच समझदारी बनेमा मधेशबादी दलहरू असहमतीका बावजुद पनि निर्वाचनमा सहभागि हुन्छन” सचिव ज्ञवालीले भन्नुभयो “सरकारले स्थानीय तह, प्रदेश र राष्ट्रिय सभाको निर्वाचनको मिती तत्काल घोषणा गर्नुपर्छ ।”

२०७४ माघ पहिलो हप्ताभित्र तिन वटै तहको निर्वाचन हुन नसके देश गम्भिर संकटमा पर्ने चिन्ता व्यक्त गर्दै निर्वाचनका लागि आवश्यक कानुन निर्माण, निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन र स्थानीय तहको संख्या तथा सिमाना निर्धारण आयोगको प्रतिवेदन कार्यान्वयनलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । संबिधान संसोधनको बाहनामा देशलाई बिखण्डन र सामाजिक सद्भाव खल्बलाउने प्रयास भएको भन्दै उहाँले राष्ट्रिय र सामाजिक एकता कायम गर्न एमालेले मेची महाकाली अभियान सञ्चालन गर्ने बताउनुभयो । अनुचित तवरले संसदमा दर्ता भएको संसोधन प्रस्ताव कुनै पनि हालतमा पारित नहुने र हुन नदिने सचिव ज्ञवालीले बताउनुभयो ।

प्रेस चौतारी म्याग्दी शाखाका अध्यक्ष मालती खत्रीको अध्यक्षता, सचिव प्रताप बानियाको सञ्चालन र सहसचिव कमल बानियाको स्वागतमा सम्पन्न पत्रकार सम्मेलनमा सांसदद्वय नवराज शर्मा, नरदेवी पुन, नेकपा एमालेका जिल्ला अध्यक्ष हरिकृष्ण श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो ।

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३
जि.सी. क्रसर उद्योग
बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९–५२०९२०,
९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)
हाम्रा सेवाहरु
आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।
तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

सडकको माटोले बाढीको जोखिम

■ नवविकल्प

म्याग्दीको अर्थुङ्गेदेखि तोरीपानी जोड्ने सडक क्षेत्रको माटो व्यवस्थापन नहुँदा बाढी र पहिरोको जोखिम बढेको छ ।

जिविस अन्तरगत सञ्चालित विकेन्द्रित ग्रामिण पुर्वाधार निर्माण तथा जिविकोपार्जन कार्यक्रम (ड्रिलीप) र कार्यक्षेत्रमा परिचालीत निर्माण कम्पनी हिमदुङ थोकर नाना जेभीको बिवादका कारण सडक विस्तारका क्रममा निस्कीएको माटो व्यवस्थापन हुन नसकेको हो ।

माटो व्यवस्थापन नहुँदा अर्थुङ्गेको बस्ती, श्रीबक्स गुल्मका साथै सदरमुकाम बेनी बाढी र पहिरोको जोखिममा परेको छ । समयमै माटो व्यवस्थापन गर्न ध्यान नदिए बर्खामा ठूलो विपद् निम्त्याउने जोखिम रहेको अर्थुङ्गेका बासिन्दा तुलबहादुर भण्डारीले बताउनुभयो ।

गत वर्षको बर्खा याममा सोही सडकबाट आएको बाढीले अर्थुङ्गे, श्रीबक्स गुल्म, बेनीको क्याम्पसचोक र मंगलाघाट क्षेत्रमा क्षत्ती पुऱ्याएको थियो । अर्थुङ्गे देखि तोरीपानी सम्मको सात किलोमिटर दुरीको सडक विस्तारका क्रममा निस्कीएको माटो व्यवस्थापन हुन् नसकेको हो ।

निर्माण कम्पनीका प्रतिनिधि रवीन्द्र कार्कीले सम्झौतामा माटो कहाँ लगेर फाल्ने भन्ने स्पष्ट नभएको र आयोजनाले सम्झौता कार्यान्वयन नगरेको दावी गर्नुभयो । पचास देखि पाँच सय मिटर टाढा लगेर प्रतिघनमिटर माटो व्यवस्थापन गर्दा ५६ रूपैया ५० पैसा दिने सम्झौता आयोजनाले कार्यान्वयन नगरेको कार्कीले बताउनुभयो ।

आयोजनाका व्यवस्थापक जिल्ला ईञ्जिनियर शिवमान श्रेष्ठले भने प्राबिधिकले सिफारीस गरेको ठाउँमा माटो व्यवस्थापन गर्ने दायीत्व ठेकेदारको भएको र असारमा भएको सम्झौताको म्याद काम नगरेपछि उतिबेलै सकिएको बताउनुभयो ।

असार साउनमा बाढीको समस्या देखिएपछि माटो ब्यवस्थापन गर्न सम्झौता गरेपनि ठेकेदारले सो अनुसारको काम नगरेको र सो सम्झौताको म्याद त्यतीबेलै सकिएको इञ्जिनियर श्रेष्ठले बताउनुभयो ।

सम्झौता अनुसार ठेकेदारले आयोजनाले देखाएको ठाउँमा माटो व्यवस्थापन गर्नुपर्ने श्रेष्ठको भनाई छ । प्राबिधिक टोलीले सो सडकको माटो व्यवस्थापन गर्न तोरीपानी स्थित गलेश्वर माविको खेलमैदान, सानो सल्लेरी सामुदायीक वन क्षेत्र र बेनीको बधस्थलदेखि म्याग्दीखोला पुल क्षेत्रको ठाउँ सिफारीस गरेको छ । सिफारीस गरिएको ठाउँ सडक सम्बन्धि निकायको मापदण्ड भन्दा टाढा भएको निर्माण व्यवसायीको तर्क छ ।

२०७३ भदौ २ गतेसम्म छ करोड १५ लाख ४८ हजार ८८४ रूपैयामा सम्पन्न गर्ने सम्झौता भएको आयोजनाको माटो व्यवस्थापनको बिवादका कारण सोलीङ र ग्राभेल गर्ने काम अघि बढ्न सकेको छैन् ।

हाल कच्चि अवस्थामा रहेको उक्त सडकलाई चार मिटर फराकीलो बनाउने, नाली निर्माण गर्ने, घुम्ती तथा मोड सुधार गरि ग्राभेल गर्न योजना सञ्चालन भएपनि सन्तोषजनक काम हुन नसकेको सर्वसाधारणले गुनासो गरेका छन् ।

अनेरास्ववियु म्याग्दीको नयाँ नेतृत्व

■ नवविकल्प

१९ जिल्ला अधिवेशन

नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववीयु म्याग्दीको १८ औं जिल्ला अधिवेशनले सुवास विश्वकर्माको अध्यक्षतामा सर्वसम्मत रूपमा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

शुक्रबार राती सम्पन्न अधिवेशनबाट निर्वाचित ३७ सदस्यीय कार्यसमितिको उपाध्यक्षमा ईश्वर सुवेदी, सचिवमा साबित्री खत्री, कोषाध्यक्षमा दर्पण रोका र सहसचिवमा आशिका मल्ल, योगेन्द्र घर्ती र जनक सुनाम रहनुभएको छ ।

सदस्यहरूमा भावना जिसी, करीस्मा सुवेदी, विकास केसी, सन्दिप शर्मा, नविन रिजाल, विशाल कार्की, चित्रबहादुर थापामगर, सुस्मीता शर्मा, बिमल पुनमगर, मिलन खत्री, नविन कडेल, खगेन्द्र घर्तीमगर, माया बोहोरा लगायत रहनुभएको छ । महिला, खुल्ला, दलित र जनजातीबाट समावेशी कार्यसमिति चयन गरिएको उपाध्यक्ष सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचित समितिको बैठकले सचिवालय सदस्य र बिभागहरू गठन गर्नेछ ।

शुक्रबार राती भएको बन्दसत्रमा निवर्तमान अध्यक्ष प्रकाश पौडेलले राजनीतिक तथा सांगठनीक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । नवनिर्वाचित अध्यक्ष विश्वकर्माले राजनीतिलाई सामाजिक सेवासंग जोडेर अघि बढ्ने संगठनको योजनालाई निरन्तरता दिने प्रतिवद्धता जनाउनुभयो ।

उहाँले विद्यार्थीको हक अधिकारको रक्षा र संगठनलाई सुदृढ बनाउन लागीपर्ने बताउनुभयो । शुक्रबारदेखि बेनीमा सुरू भएको अधिवेशनको नेकपा एमालेका सचिव प्रदिप ज्ञवालीले उद्घाटन गर्नुभएको थियो ।

सो कार्यक्रममा सचिव ज्ञवालीले संबिधान कार्यान्वयनका लागि सरकार उदाशिन बनेको टिप्पणी गर्नुभएको छ । सिमांकन हेरफेर, भाषा, नागरिकता र केन्द्रिय सभामा प्रतिनिधित्वमा गर्न खोजीएको संसोधन प्रस्ताव नेपालको राष्ट्रियता, स्थायीत्व र विकासका लागि अहितकारी रहेको सचिव ज्ञवालीले बताउनुभयो । संबिधानको कार्यान्वयन, राष्ट्रियताको रक्षा, आत्मनिर्भर, सम्बृद्ध र स्वाधिन नेपाल नेकपा एमालेको एजेण्डा भएको सचिव ज्ञवालीले बताउनुभयो ।

कार्यक्रममा अनेरास्ववीयुका केन्द्रिय उपाध्यक्ष सुनीता बरालले सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्नु अहिलेको आवश्यकता रहेको बताउनुभयो । नेकपा एमाले म्याग्दीका अध्यक्ष हरिकृष्ण श्रेष्ठ र सचिवालय सदस्य एवं विद्यार्थी बिभाग प्रमुख दिपक बिखर्चीले आगामी निर्वाचनमा एमालेलाई पहिलो पार्टी बनाउने गरि चुनावको तयारीमा जुट्न कार्यकर्तालाई आग्रह गर्नुभयो ।

अनेरास्ववीयुका केन्द्रिय सदस्य तथा निवर्तमान जिल्ला अध्यक्ष प्रकाश पौडेलले राजनितिलाई समाजसेवासंग जोडेर आफ्नो संगठन अगाडी बढेको बताउनुभयो । उहाँले आफ्नो कार्यकालमा भुकम्प, बाढी पहिरो पीडितको उद्धार, पुननिर्माण, विद्यार्थी अधिकारका लागि भएका गतिबिधिहरूको बारेमा जानकारी गराउनुभएको थियो । अनेरास्ववीयुका केन्द्रिय सचिवालय सदस्य तथा महिला बिभाग प्रमुख सम्झना अधिकारी, धौलागिरी ईञ्चार्ज जुनु तामाङ लगायतले कार्यक्रममा शुभकामना मन्तब्य राख्नुभएको थियो ।

अधिवेशन आयोजक समितिका संयोजक सुवास विश्वकर्माको अध्यक्षता, सचिवालय सदस्य सावीत्री खत्रीको सञ्चालन र ईश्वर सुवेदीको स्वागत मन्तब्यमा सम्पन्न उद्घाटन कार्यक्रममा नृत्य र नाटक प्रस्तुत गरिएको थियो । अधिवेशन उद्घाटन कार्यक्रम सुरू हुनु पहिले बेनी बजारमा ऱ्याली निकालीएको थियो । अधिवेशनमा विभिन्न विद्यालय र क्याम्पस ईकाईका प्रतिनिधि पर्यवेक्षक सहभागी भएका थिए ।

म्याग्दी जिप तथा बस संचालक समिति
म्याग्दी, बेनी
स्था. २०५८
२०७३ बैशाख १ देखि बेनी देखि छुट्ने गाडिको समय तालिका

विहान: ७:१५ बजे	:	नरल्ले
विहान: ८ बजे	:	मुना फल्लेगाउ
विहान: ८:४५ बजे	:	लाम्मेला तमान
विहान: ९:३० बजे	:	दरबाङ्ग
विहान: १०:१५ बजे	:	दरबाङ्ग
विहान: ११ बजे	:	मुना फल्लेगाउ
दिउसो: ११:४५ बजे	:	दरबाङ्ग
दिउसो: १२:३० बजे	:	दरबाङ्ग
दिउसो: १:१५ बजे	:	दरबाङ्ग
दिउसो: १:४५ बजे	:	मुना फल्लेगाउ
दिउसो: २:३० बजे	:	दरबाङ्ग
दिउसो: ३:१५ बजे	:	दरबाङ्ग
बेलुका: ३:३० बजे	:	थाइबाङ्ग
बेलुका: ३:४५ बजे	:	कुहुँ
बेलुका: ४:३० बजे	:	दरबाङ्ग
बेलुका: ५:१५ बजे	:	दरबाङ्ग (नाइट)

सम्पर्क नम्बर: ०६९- ५२०८८२, ५२००५२
प्रिन्ट: कालिगण्डकी छापाखाना

म्याग्दी जिप तथा बस संचालक समिति
म्याग्दी, बेनी
स्था. २०५८
२०७३ बैशाख १ देखि दरबाङ देखि बेनी सम्म छुट्ने गाडिको समय तालिका

विहान: ७:०० बजे दरबाङ्ग देखि	:	बेनी सम्म
विहान: ७:४५ बजे दरबाङ्ग देखि	:	बेनी सम्म
विहान: ८:३० बजे दरबाङ्ग देखि	:	बेनी सम्म
विहान: ०९:०० बजे दरबाङ्ग देखि	:	पोखरा सम्म
विहान: ९:३० बजे मुना फल्लेगाउ देखि	:	बेनी सम्म
विहान: १०:१५ बजे दरबाङ्ग देखि	:	बेनी सम्म
विहान: ११:०० बजे दरबाङ्ग देखि	:	बेनी सम्म
दिउसो: ११:३० बजे नरल्ले देखि	:	बेनी सम्म
दिउसो: १२:०० बजे मुना फल्लेगाउ देखि	:	बेनी सम्म
दिउसो: १२:३० बजे दरबाङ्ग देखि	:	बेनी सम्म
दिउसो: १:०० बजे दरबाङ्ग देखि	:	बेनी सम्म
दिउसो: १:३० बजे तमान देखि	:	बेनी सम्म
दिउसो: २:०० बजे मुना फल्लेगाउ देखि	:	बेनी सम्म
दिउसो: ३:०० बजे दरबाङ्ग देखि	:	बेनी सम्म
दिउसो: ४:०० बजे दरबाङ्ग देखि	:	बेनी सम्म
बेलुका ४:३० बजे दरबाङ्ग देखि	:	काठमाण्डौ सम्म

सम्पर्क नम्बर: ०६९- ५२०८८२, ५२००५२
प्रिन्ट: कालिगण्डकी छापाखाना

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

सहज तरिकाले सूचना देऊ

DofUbLsf ;/sf/L sfofno{x?df gful/sx?nfO{ ;xh tl/sfn] ;'rgf lbg] ;+sf/ / ;+s[t 5g\ . sltko sfofno{x?df ;'rgf clwsf/L g}tfl]sPsf]5g\. s]xL sfofno{x?df ;'rgf clwsf/Lsf]Joj:yf ePklg ;'rgf lbg lt ;Ifd 5}gg\ . ;'rgf clwsf/L g} sfofno{sf];'rgfaf6 a]v{j/ 5g\. sfofno{x?df ;'rgf Jojl:yt u/]/ /fVg]k|rng 5}g\. ;'rgf xs ;DalGw Pg @)^$ NofPsf]Psbzs ljlt;Sbf klg Pgsf] Jojxfl/s sfof{Gjog xg;s]sf]5}g\. ;'rgfsf]xsnfO{ Jojxf/df sfof{Gjog ug{sd{rf/Lx?df Or5f zQmLsf] cefj 5 . gLlfnsf] ;Lhwfgsf]wf/f @& df ;'rgfsf] xsnfO{gful/ssf]dflnsxsssf ?kdf k|Tofe"t ul/Psf] 5 . ;Lhwfgdf Joj:yf ul/Psf]clwsf/nfO{Jojxf/df sfof{Gjog ug{;/sf/L sd{rf/L g}afws 5g\. ljleGg jfxgfafhL u/]/ ;'rgf lbg pgLx? cfgfsfgL ub{5g\.

;'rgfsf] xs k0f{?kdf Jojxf/df sfof{Gjog cfpg] xf]eg];fjh{lgs lgsfodf kf/bzL{tf, ;'zf;g / hjfkmbxLtf sfod xg;S5 . ;Lawfgn]g}dflnsxsssf] ?kdf AofVof ul/Psf] ;'rgfsf] xs ;DalGw Pg sfof{Gjogsf nflu /fli6«o ;'rgf cfof]usf];dt u7g ePsf]5 . Pgdf k|To]s ;fjh{lgs lgsfon] tLg–tLg dlxgfdf cfkm\gf]lgsfo;Fu ;DalGwt ;'rgf cBfjlws u/L k|sfzg ug{kg]{Joj:yf u/]sf]5 . o;/L :jtM ;fjh{lgs/0f ul/g] afx]ssf yk ;'rgf s;}nfO{ cfjZos k/]df o:tf ;'rgf k|fKt ug{k|Tos] ;fjh{lgs lgsfon] ;'rgf clwsf/Lsf] Joj:yf ug{kg]{ sfgg'L k|fjwfg ePklg DofUbLdf o;sf]sfof{Gjogdf hl6ntf 5 . s]xL ;ftf cl3 /fli6«o ;'rgf cfof]usf cfoQm a}gLdf cfPsf]avt ul/Psf]k|tj4tf sfuhd}l;ldt xg]blvPsf]5 . sfoQmddf oxfFsf ;/sf/L sfofno{sf k|dv Pjd\ k|tlglwx?n] ;'rgfsf]xsnfO{Jofjxf/df NofpFg]k|tj4tf JoQm u/]sf lyP . k|tj4tfsf]dl; ;Sg gkfpFb}o;sf]ulDe/ pNn]v 3g ul/Psf]5 . ;'rgf lbg cfgsfgL ul/Psf]tYo jflx/ cfPsf]5 .

;'rgfsf]xsdf Joj:yf ul/Psf k|fjwfgx?nfO{ k0f{ ?kdf Jojxf/df sfof{Gjogsf nflu ;DalGwt ;j}+;/sf/jfnf lgsfox?sf]Wofg hfgkg{bl]vG5 . gful/sx?n];'rgf kfpgsf nflu ;'rgf clwsf/Lx? ;dIf lgjbg lbP klg To;sf]btf{g}gul/lbg]btf{ ePklg tf]sPsf];do leq ;'rgf glbg];'rgf lbPxfn] klg cf}+zs dfqfdf ;'rgf lbg]kj[Q 5 . sfofno{x?n] u/]sf]vr{ljj/0f lbg emg cfgfsfgL u/]sf]kfOG5 . o;n];/sf/L sfofno{x?df kf/bzL{tf 5}g eGg]s'/fsf] kf6L xG5 . Pgdf Joj:yf ePadf]hdsf] ;'rgf dfu ePdf ljgf /f]stf]s ;'rgf lbg' ;'rgf clwsf/Lsf]bfloTj xf]. ;'rgfsf]xs sf];+Iff0f / Jojxf/df sfof{Gjog ug{;/sf/L sd{rf/L g}cj/f]wsf ?kdf v8f ePkl5 gful/ssf]of]clwsf/ sfof{Gjog cfpg ;Sg]df z+sf / r'gf}tL blvG5 . o;df ;j}+;/sf/jfnf lgsfox?sf] Wofg hfgkg{blvG5 . gful/sn];'rgf dfUg]/ ;DaGwLt lgsfon];'rgf lbg];+sf/ / ;+s[tsf]ljsf; u/f}+ .

l6KkOfL, kltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९–५२०९९५ मो.नं. : ९८४७६२४२८६

कफी पिउँदैमा लभ पर्छ र ?

... अब हामी फेरी कहिले कफी पिउने ? सुयोगको प्रश्नथियो । आजभर्खर पिएको, कति हतार, उसले भनी । फेसबुकमा सितैमा पठाउन पाउने इमोको प्रयोग गरी र उसले पनि एउटा इमो पठाई । सुयोगले कल्पनाभन्दा धेरै बाहिरको प्रश्न गर्‍यो कहिलेकाही परीक्षामा आउट कोइसन आएजस्तै गरी । के कफी पिउँदैमा लभ पर्छ र ? कल्पना भन्दाबाहिरको प्रश्नले उतर दिन कठिन बनाउँछ र त्यसलाई छोडेर अरु प्रश्नको उतर लेख्न ध्यान आकर्षित हुन्छ । त्यस्तै भयो साहिनालाई फेरी इमोको सहायताले प्रश्नको हल गरी र बढी बोल्न उचित नठानी फेसबुक बन्द गरी ।

- सविता सापकोटा

ओहो ५ मिसकल आइसकेछ । हिजो बेलुकी फेसबुक चलाउँदा मोबाइल भाइबेरेट गर्छ भनेर साइलेन्टमा राखेको अन नै गर्ने बिर्सिएछु । मिसकल मात्र होइन एउटा म्यासेज समेत आएको रहेछ । साहिना झसङ्ग भई, घरबाट पैसा पठाउने बेला भएकोले लाग्यो ममिको नै कलहोला । घरबेटीलाई पैसा बुझाउने समय भएको थियो । कलेजमा पनि भर्ना गर्ने लेट भएकोले लेट फि तिनुपर्ने समय भइसकेको थियो । महिनामा एकपटक घरदेखि पैसाआउँथ्यो । उताबाट पठाउँदा धेरै पठाएजस्तो लागेपनि सबै कुरामा पैसा छुटयाउँदा महिनाको अन्तिममा सधैं अभाव नै खडकिने गर्थ्यो ।

आज ममिको भाषण सुनिने भयो । छोरी मान्छे भएर सबेरै उठने पुजापाठ गर्ने चोखोपानी राख्ने पो गर्नुपर्छ । घाम झुल्कीने समयसम्म सुतिराख्ने भनेर मोबाइलबाट नै गालीगर्ने छाडनुहुन्थेन । बिहे गर्ने उमेर भइसक्यो के गरेर खाली यो केटीले ? मेरी छोरीले पढेर जागीर खानभन्दा पनि बिहे गरेपछि अरूको घर कसरी खाली भन्ने चिन्ता लाग्छ आमालाई । यस्तै यस्तै गालीले आजको दिनको सुरूवात हुने भयो भन्ने लागेको थियो ।

हनत घर छदा पो आमाले बिहानै ढोका ढकढक गर्ने आउँनुहुन्थ्यो । यो बिरानो सहरमा १० बजेसम्म सुत्दासमेत कसलाई मतलब हुन्छ र ?मनमा विभिन्न भावनाहरू खेलाउँदै मोबाइलको लक खोली साहिनाले ।

लक खोल्ना साथ उ झसङग भई सेभ गरेको नम्बर थियो तर सोचाई भन्दा बिल्कुलै फरक । सुयोग नाममा सेभ गरिएको नम्बर बाट आएको म्यासेज मासि यू सुन । भनेर लेखिएको थियो । छागाबाट खसेजस्तै भयो मन, एकाएक आफैलाई केयरलेस भन्न मन लाग्यो अनि एकपटक प्रश्न गरी आफैलाई, किन त यति धेरै केयरलेस भएको ? कलेजको एसाइन्मेन्ट र परिक्षाको तनाबले भरिएको दिमाखले कसैलाई दिएको समय नै बिर्सिएछ ।

पढाइको अलाबा साइनाको रूची लेखनमा थियो । फूर्सदको समयमा केही लेखहरू लेख्ने गर्दथी र विभिन्न संचारका माध्यममा पठाउने गर्दथी । कोहीले लेख छापिदिन्थे भने केही मिडियाले लेखनशैली ठिकै छ प्रयास जारी राखभनेर मेलको रिप्लदिएर सान्तोवना दिलाउने गर्दथे । त्यही यात्रामा भेटिएको एकजना पात्र थियो उ । लेख पठाउने क्रममा चिनजान भएको र समय समयमा उसलाई कल गरेर लेख्न उक्साउने पात्र थियो उ । के लेख्दै छौ, पढाई सँगै लेखलाई पनि अगाडी बढाउँदै जाउ, धेरै पुस्तकहरू पढ् । यस्तै यस्तै सल्लाह सुझाब दिन्थ्यो उसले । सायद जीवनको गोरेटोमा बाबाआमा पछिको बढी हौसलादिने व्यक्ती उ नै हो जस्तो लाग्थ्यो साहिनालाई ।

लामो समयको चिनजान पश्चात सुयोगले साहिनालाई कफी पिउने समय मागेको थियो । अरू दिन व्यस्त हुँने हुँदा शनिबारको समय छुटयाएकी थिई उसले । ८ बजेको कफी पिउने समय एक हप्ता अघि देखि नै तय भइसकेको थियो । तर तेही दिन नै बिर्सिन पुगेछ साहिनाको अल्छि दिमाखले । ८ बजे बल्ल निद्राबाट बिउजिएकी थिई । छिटोछिटो मुखधोई र ड्रेस लगाई । एकपटक आफूलाई ऐनामा हेरी ठिकै लाग्यो । कोही यूवकलाई भेटन जान लाग्या भापो मेकअप गर्नु ,कसैलाई इम्प्रेस पार्ने मानसिकता भएपो गाजल लगाउनु । उठने बितिकै केहीगर्ने जागर नै लागेन । तोकिएको समय भन्दा ढिलो पुग्ने निश्चित नै थियो । रूमबाट निस्किँदा साढे ८ भइसकेको थियो ।

कतै आँखा नडुलाई उ सरासर रूमबाट निस्किई र एक कलफोन गरी । उताबाट सिधै कहाँ आइपुग्यौ ? भनेर प्रश्नआयो । म भर्खर रूमबाट निस्किएकी भनेर साहिनाले जबाफ फर्काइ । म पनि आउँदै छु भनेर भनेपछि बल्ल साहिनाको मन ढुक्क भयो । एउटा प्रोगाम भएकोले लेट भो । मनमनै साहिनालाई लाग्यो ठिकै भएछ । हिजो भनेको कफी सपमा आउ ल । हस भनेर उसले फोन राखी । पढाइको अलाबा बाहिरी ज्ञान त्यती नभएकी साहिनाले मनमा विविध प्रश्न खेलाउन थाली । पत्रकारहरूत प्रश्न सोध्न खप्पिस हुन्छन । सुयोगको अगाडी फन्टुस बन्छु कि भन्ने लाग्यो ।

स्कुल पढदा पत्रकार बन्ने सपना नबोकेकि त होइन तर पनि त्यो विषय पढन सकिन । एस एलसीमा सत प्रतिशत अङक ल्याएपछि परिवारले विज्ञान विषय नै लिएर पढ्न बाध्य बनाएका थिए । परिवारको इज्जत बचाउनको निम्ति आफनो इच्छा विपरीतको विषय पढन धेरै जना बाध्य हुन्छन् । विज्ञान पढेर मात्र राम्रो नोकरी पाउँन सकिन्छ भन्ने मानसिकता समाजका धेरै मानिसहरूमा रहेको छ तर विज्ञान विषयले निमत्याएको बेरोजगारी र फेल हुनेको संख्याको मध्यनजर अझै भएको छैन ।

दिमाखमा के के सोच्दा सोच्दै कफी सप आइपुगेछ । बाहिर कोही पनि थिएन । उ सरासर भित्रगई । बिहानीको समयभएकोले कफी सप त्यति प्याक थिएन । दुईवटा टेबल प्याक थियो । एउटा टेबलमा रहेको मानिस उसको नै पर्खाइमा थियो । टाढैबाट नमस्ते गरी र नजिक पुगिन जेल सम्मदुई हात जोडिरही । उसले पनि नमस्ते गर्‍यो । बस न भनेपछि उ बसी । कुराकानीको सुरूवात सुयोगबाट नै भयो । के छ नयाँ नौलो खबर ? सामान्यप्रश्नको उतर उसले सजिलै दिई , ठिक छ । दोहोरो प्रश्न गर्ने चाहिन किनकी उसलाई थाहा थियो प्रश्नगर्दा जबाफ तेही नै आउने गर्छ ।

सुयोगको लागि यो कुनै नौलो भेट थिएन, केबल मुहार मात्र नया थियो । पत्रकारितामा लागेका मानिसहरू सामान्यतया भेटघाट र कफी पिउने बानीलाई दैनिकीकै रूपमालिने गर्छन । तर साहिनाको लागि यो नयाँ अनुभव थियो र नयाँमाहोल पनि । के बोल्ने भन्ने कुरा नै मस्तिष्कले छुटयाउन सकेको थिएन । एकछिनको मौनातालाई चिर्दै सुयोगको प्रश्नले पुर्नस्थान पाएको थियो । के लेख्दै छौ आजाभोलि, अस्तिको तिम्रो लेख त धेरै सेयर भोनी प्रश्न सोध्दै गर्दा टेबलमा कफी आइपुग्यो । पढाइको प्रेसरले लेख्ने तर्फ सोचेकै छैन । २ हप्ता अगाडी सुरूवात गरेको एउटा स्टोरी समापन गरेकै छैन । सुयोगको मोबाइलमा घण्टी बज्यो । हजुर म अफिस बाहिर छु, अबको आधी घण्टामा आइपुग्छु । कति व्यस्त हुन्छन् है पत्रकार भनेर भन्न मन लागेको थियो साहिनालाई तर उसले मन भित्रै दबाई, कहिले काही आउँदै गरेको हाछिउ दबाए जस्तै गरी । कफीको चुस्किसँगै उसको पढाइको बारेमा केही प्रश्न सोध्यो सुयोगले , सामान्य इन्टरभ्यू भन्दापनि फरक नपर्ला ।

साहिनालाई भने प्रश्न सोध्ने आट नै आएन । उसको अगाडी लज्जितभई मानौ लज्जावतिझार जस्तैगरी । साथिभाईसँग प्यार प्यार बोलेजस्तो सहजमाहोल उसले भेटिन । आट नै गरेर एउटा प्रश्नभने सोधिहजुरको जागिर कस्तो चल्दै छ त ?के हुन्थ्यो हामी पत्रकारको जिन्दगी, देश र जनताका समस्या लेख्दै ठिक्क छ । घरमाआमा बिरामी हुनुहुन्छ अफिसमा छुटटी नपाएर जान पनि भ्याएको छैन् । सामान्य तरिकाले प्रश्नको जबाफदियो । यतिकैमा कपको कफी रितियो । बिचरा भन्न मन लाग्यो साहिनालाई तर उसले के नै गर्ने सक्थि र ? पीडाका बाबजुद् पनि दिनहुँ खटिनुपर्ने बाध्यताले बेरेको छ जागिर । सामान्य कुराकानीमा नै उनीहरूको छुटिने समय भइसकेको थियो । अब हामी लाग्छौ भनेर सुयोग रिसेपसनतिर लम्कियो । दुबैजना निस्किए र आफनो बाटोतिर लागे । छुटने समयमा राम्रोसँग बस आफनो ख्याल गर । पढाइ सँगै लेखनलाइ पनि निरन्तरतादिँदै गर । यतिभनेर उ आफनो बाइक स्टाट गर्‍यो । साहिना आफ्नो गन्तब्यतर्फ लम्किई ।

बाटोभर विविध कुराहरू मनमा डुलाउँदै थिई उ । सोचेको भन्दा फरक थियो सुयोग र उसको बोल्ने शैली । रूममा पुगेर आफनो नियमित काममा लागि । शनिबार भएकोले कोठा सफागर्ने, कपडा धुने , नुहाउँने काम थियो । बेलुकीपख फेसबुक खोली सुयोगको म्यासेज आयो । नाइस टु मिट यू भनेर एउटा इमो समेत पठाएको थियो । तिमी कति लोयल र लजालु उसको प्रश्नथियो । हाहााहा भनेर टारी साहिनाले । अब हामी फेरी कहिले कफी पिउने ? सुयोगको प्रश्नथियो । आजभर्खर पिएको , कतिहतार, उसले भनि । फेसबुकमा सितैमा पठाउन पाउने इमोको प्रयोग गरी र उसले पनि एउटा इमो पठाई । सुयोगले कल्पनाभन्दा धेरै बाहिरको प्रश्न गर्‍यो कहिलेकाही परीक्षामा आउट कोइसन आएजस्तै गरी । के कफी पिउँदैमा लभ पर्छ र ? कल्पना भन्दाबाहिरको प्रश्नले उतर दिन कठिन बनाउँछ र त्यसलाई छोडेर अरू प्रश्नको उतर लेख्न ध्यान आकर्षित हुन्छ । त्यस्तै भयो साहिनालाई फेरी इमोको सहायताले प्रश्नको हल गरी र बढी बोल्न उचित नठानी फेसबुक बन्द गरी ।

प्रतिक्रियाका लागि :
sapkota.sabita086@gmail.com

■

www.bikalpanews.com
gjljsNk ;fKtflxs l8lh6n Gohkk/
हामीलाई फेसबुक र ट्वीटरमा समेत फलो गर्न सक्नुहुन्छ
फेसबुकका लागि
https://www.facebook.com/bikalpanews/
ट्वीटरका लागि
https://twitter.com/NawabikalpaWeek

हार्दिक बधाई

I Love You
I Love You
I Love You
Magh 2073
CREATIVE
MEDIA PRODUCTION Beni, Myagdi 9857640707

हाम्रा आत्मीय मित्र एवम् दाजु विपिन श्रेष्ठ पोखरा उपमहानगरपालिका, सिमलचौर निवासी अञ्जु श्रेष्ठसँग २०७३ माघ ३ गते वैवाहिक जीवनमा बाँधिनुभएकामा सफल र उदाहरणीय दाम्पत्य जीवनको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

लक्की / रेशमा श्रेष्ठ **हिक्मत / रोशनी श्रेष्ठ**
गणेश / सुवर्ण बोगटी **दिपक / भगवती घर्ती**
आशिष / नम्रता कर्मचार्य **सुशन / सिमा श्रेष्ठ**
सुपन / अन्सु श्रेष्ठ **सनिल / तबी श्रेष्ठ**
हरि गिरी/सृष्टि सुवेदी
बेनीबजार, म्याग्दी (हाल: अस्ट्रेलिया)

हार्दिक बधाई

HARI KARKI
PHOTOGRAPHY

हाम्रा आत्मीय मित्र एवम् दाजु हरि गिरी बेनी नगरपालिका–६ बैंक रोड निवासी सृष्टी सुवेदीसँग २०७३ माघ ३ गते वैवाहिक जीवनमा बाँधिनुभएकामा सफल र उदाहरणीय दाम्पत्य जीवनको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

लक्की/रेश्मा श्रेष्ठ सुपन/अन्सु श्रेष्ठ सुशन/सिमा श्रेष्ठ
गणेश/सुवर्ण बोगटी हिक्मत/रोशनी श्रेष्ठ सनिल/तबी श्रेष्ठ
आशिष/नम्रता कर्मचार्य दिपक/भग्वती घर्ती नबिन/चन्दा थापा
दिनेश/अजिता खत्री प्रदीप/कन्चन अधिकारी

बेनीबजार, म्याग्दी (हाल: अस्ट्रेलिया)

हार्दिक बधाई

अनेरास्ववियु म्याग्दीको १९ औ जिल्ला अधिवेशनबाट अध्यक्षमा सुवास विश्वकर्माको उपाध्यक्षमा ईश्वर सुवेदी, सचिवमा साबित्री खत्री, कोषाध्यक्षमा दर्पण रोका र सहसचिवमा आशिका मल्ल, योगेन्द्र घर्ती र जनक सुनाम र सदस्यहरुमा भावना जिसी, करिस्मा सुवेदी, विकास केसी, सन्दिप शर्मा, नविन रिजाल, विशाल कार्की, चित्रबहादुर थापामगर, सुस्मीता शर्मा, बिमल पुनमगर, मिलन खत्री, नविन कडेल, खगेन्द्र घर्तीमगर, माया बोहोरा लगायत चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

देवबहादुर घले
उपसचिव
नेकपा एमाले, म्याग्दी

प्रो. सन्दीप/सलिना खत्री मो.९८४७७३८१३२,९८४७७५९७६६

ए हजुर कता ? प्रिन्टीङ्ग सम्बन्धी सम्पूर्ण काम यता !

लालीगुराँस प्रिन्टीङ्ग सेन्टर
संगमचोक, बेनीबजार म्याग्दी

फ्लेक्स प्रिन्ट,डिजिटल ब्यानर, लाईट बोर्ड, होडिङ्ग बोर्ड, रिफ्लेक्टी बोर्ड, कप प्रिन्ट, मायाको चिनो, मेडल, सम्मानपत्र, प्रमाणपत्र, डिजिटल परिचयपत्र, स्टीकर प्रिन्ट, टोपी प्रिन्ट, भिजीटीङ्ग कार्ड, फोटो प्रिन्ट,विवाह/व्रतबन्ध कार्ड, जर्सी प्रिन्ट, डिजिटल नाईलन छाप तथा डेस्कटप सम्बन्धी छिटो, छरितो र गुणस्तीय कामका लागि सदैव हामीलाई सम्झनुहोस् ।

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४

प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४

"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"

जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)

विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

उद्यम गरौ, उद्यमशिल संस्कारको विकास गरौ ।
स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रयोग र प्रर्वद्धन गरौ ।।

मुदीमै झोला, स्वीटर, अगरबत्ती र च्याउ

मुदीका उद्यमीहरुले उत्पादन गरेका झोला र स्वीटर तथा खिवाङका उद्यमीले उत्पादन गरेको अगरबत्तीको प्रयोग र केन्य च्याउको उपभोग गरौ ।

झोलाका लागि: सगरमाथा लघुउद्यमी समूह, मुदी

स्वीटरका लागि : धौलागिरी लघुउद्यमी समूह, मुदी

सिर्जनशिल कन्यच्याउ लघुउद्यमी समूह खिवाङ

अगरबत्तीका लागि : प्रगतिशिल लघुउद्यमी समूह खिवाङ

दुर्गममा .....

हेल्थ असिस्टेन्ट पद रिक्त छ । जिल्ला अस्पतालमा तिन जना हेल्थ असिस्टेन्ट र दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रमा तिन जना अहेवको दरबन्दी खाली भएको अस्पतालका नायव सुब्बा रामचन्द्र रेग्मीले बताउनुभयो ।

२७ जना हेल्थ असिस्टेन्ट, २८ जना अहेव, ४१ जना अनमी, ६ जना कार्यालय सहयोगी चार जना स्टाफ नर्स, एक जना मेडिकल रेर्कडर र तिन जना ल्याब टेक्नीसियनको दरबन्दीमा पदपुर्ती हुन सकेको छैन् ।

मन्त्रालय, बिभाग र क्षेत्रीय निर्देशनालयले जिल्लासंग समन्वय नगरिकन केही स्वास्थ्य संस्थाका सबै कर्मचारीको सरूवा गरिदिएकाले समस्या भएको जिल्ला स्वास्थ्य प्रमुख बरिष्ठ चिकित्सक रोशन न्यौपानले बताउनुभयो । "समय अवधि पुगेका कर्मचारीको सरूवा गर्दा जिल्लासंग समन्वय गर्नुपर्छ" न्यौपानेले भन्नुभयो "करारका कर्मचारी पठाएर सेवानै ठप्प हुने अवस्था आउन दिएका छैनौ तर समस्या चाँही छ ।"

गत वर्ष लोक सेवा आयोगमा माग गरिएको विभिन्न तहका ६२ जना जनशक्तीको यस वर्ष पदपूर्तीको तयारीमा रहेको छ । यस वर्ष थप ३७ जना दरबन्दीमा पदपुर्तीका लागि आयोगमा माग गरिएको छ ।

कृषि बिमा .....

बिमाको महत्व र फाईदाको बारेमा जानकारी पाएका सदरमुकाम आसपासका कृषकहरूले समेत कम्पनीमा पहुँच नहुँदा बिमा गर्न नपाएको लामगराका अगुवा कृषक थापाले बताउनुभयो । म्याग्दीमा कृषि बिमा कार्यक्रम सञ्चालन गर्न सरकारले वि.स २०७१ मा प्रभु ईन्सुरेन्स कम्पनीलाई जिम्मेवारी दिएको थियो ।

सम्झौता गरेको एक वर्षपछि वि.स २०७२ मा कार्यालय स्थापना गरेको कम्पनीले अपेक्षाकृत सेवा दिन नसकेको कृषक र सम्बद्ध कार्यालयको गुनासो छ । दुई जना कृषकले दुई लाख बिस हजार रूपैयाँ बराबरको तरकारीको बिमा गरेका थिए । यसैगरी एक हजार ५८३ वटा पशुपंक्षीको १५ करोड ७० लाख रूपैयाँ बराबरको बिमा भएको थियो ।

२०७३ भदौसम्म एक हजार ४५० कुखुरा, ११२ वटा बाख्रा, ११ वटा खच्चर, पाँच रपाँच वटा गाईभैसीको बिमा भएको थियो । कृषकहरूले ४७ लाख १६७ रूपैया प्रिमीयम शूल्कमा ७५ प्रतिशत अनुदान पाएका थिए ।

कृषकहरू जागरूक र आकर्षित भएपनि अन्य जिल्लाको तुलनामा म्याग्दीमा कृषि बिमा अपेक्षाकृत रूपमा अघि बढ्न नसकेको जिल्ला पशु सेवा कार्यालयका प्रमुख बरिष्ठ पशु चिकित्सक मनबहादुर पुनले बताउनुभयो । बिमा कम्पनीका प्रतिनिधिको निश्क्रियताका कारण केही महिनादेखि कृषकहरूले बिमा गर्न नपाएको गुनासो बढेको पुनले बताउनुभयो ।

कृषि बिमाको बारेमा कार्यालयले आयोजना गर्ने तालीम, गोष्ठि, भेटघाट मार्फत कृषकहरूलाई जानकारी गराइदै आएको कृषि र पशु सेवा कार्यालयले जनाएका छन् । खाद्यान्न, फलफुल र तरकारी बाली तथा पशुपंक्षीको बिमा गर्नका लागि सरकारले प्रिमीयम शूल्कमा कृषकलाई ७५ प्रतिशत अनुदान दिने ब्यवस्था गरेको छ ।

बिमा गरेको बाली र पशुपंक्षीको क्षति भएको अवस्थामा कृषकले ८० प्रतिशत दावी भुक्तानी पाउने ब्यवस्था छ । कृषि बिमा निश्चित अवधिको लागि हुने गर्छ । खेतीबालीको हकमा बाली लगाउदेखि नभित्र्याउँदासम्म र पशुचौपायाको एक वर्ष सम्मको बिमा हुने गर्छ । बैङ्क तथा वित्तिय संस्थाले कर्जा लगानी गर्न बिमा गरेको फर्म खोज्न थालेका छन् ।

यसअघिका कर्मचारीको कारण समस्या कृषि बिमाले गति लिन नसकेपनि अब कृषकको घरदैलोमा पुग्ने तयारी गरेको प्रभु ईन्सुरेन्स कम्पनीका प्रतिनिधि जुजुमान श्रेष्ठले बताउनुभयो । कृषि र पशु सेवा कार्यालय तथा प्राबिधिकहरू मार्फत कृषि फार्ममा पुग्न थालेको हालै म्याग्दीमा आएका श्रेष्ठले बताउनुभयो । यसअघि कम्पनीको प्रतिनिधि ध्रुब चोखाल थिए ।

कृषि बिमा गर्दा प्रकोप, रोग लगायतका कारण बाली र पशुधनमा हुने क्षतिको हानी न्युनीकरण भई कृषकलाई ब्यवसायलाई निरन्तरता दिन सघाउ पुगी कृषिको ब्यवसायीकरणमा टेवा मिल्ने अपेक्षा गरिएको छ । बिमा गरेको बाली र पशुपंक्षिमा ट्याग लगाउने गरिन्छ । कुनै कारणले बिमीत पशुपंक्षि र बालीको क्षति भएमा कृषि प्राबिधिक र बिमा अभिकर्ताको टोलीले मूल्याङ्कन गर्ने प्रक्रिया छ ।

तरकारी खेतीले बनायो आत्मनिर्भर

■ नवविकल्प

केही वर्षअघिसम्म पैसा आवश्यक पर्दा श्रीमान, आफन्त र छिमेकीलाई माग्ने म्याग्दीको बाबियाचौर गाविस ८ रणवाङकी हिरा सुवेदीलाई अहिले त्यस्तो समस्या छैन् ।

ब्यवसायीक तरकारी खेतीपछि सुवेदीले आफू र घरपरिवारलाई आवश्यक पर्ने रकम जुटाएर बचत समेत गर्न थाल्नुभएको छ । "दुई चार रूपैया आवश्यक पर्दा समेत श्रीमान, आफन्तलाई माग्न र ऋण खोज्नुपर्ने अवस्था थियो" सुवेदीले भन्नुभयो "तरकारी खेती गर्न थालेपछि घरखर्च पुऱ्याएर पनि बचत गर्न थालेकी छु । सजिलो भएको छ ।" दुई रोपनी क्षेत्रफल जमिनमा विगत तिन वर्षदेखि मौसमी र बेमौसमी तरकारी खेती गर्दै आउनुभएकी सुवेदीले वार्षिक एक लाख पचास हजार रूपैया सम्म आम्दानी गर्नुहुन्छ । बन्दा, काउली, गोलभेडा, मुला, साग, गाजर, धनीया, आलु लगायत मौसमी र बेमौसमी बेचेर भएको आम्दानीले घरखर्च चलाउन, छोराछोरी पढाउन सजिलो भएको सुवेदीले बताउनुभयो ।

सुवेदी मात्र होईन् रणवाङका महिलाहरू ब्यवसायीक तरकारी खेतीबाट आम्दानी गर्न थालेपछि आत्मनिर्भर बनेका छन् । स्थानीय वुद्धीमाया बिकले तरकारी खेतीबाट आम्दानी हुन थालेपछि घरमा नुनतेल किन्न बिदेशमा रहेका श्रीमानलाई पैसा पठाउन र पैसा आवश्यक पर्दा ऋण खोज्नुपर्ने समस्या हटेकोमा खुसी ब्यक्त गर्नुभयो । हिरा र बुद्धीमायासंगै रणवाङका पद्मकुमारी मल्ल, सावित्रा बिक, गोमा भण्डारी र हरिमाया बिक लगायतका करिब दश जना महिलाहरूले ब्यवसायीक तरकारी खेती गरेका छन् । उनिहरूले दुई देखि तिन रोपनी जमिनमा काउली, बन्दा, गोलभेडा, साग, मुला, आलु लगायतका तरकारी खेती गरेका छन् ।

उनिहरूले वर्षमा एक देखि तिन लाख रूपैया सम्मको तरकारी बिक्री गर्छन् । बाबियाचौर, तातोपानी र दरवाङमा लगेर तरकारी बिक्री गर्दै आएका रणवाङका कृषकले यातायातका साधनमा पहुँच नहुँदा तरकारी ढुवानी गर्न समस्या परेको बताएका छन् । आफैले तरकारी बोकेर बजार पुग्नुपर्दा धेरै समय लाग्ने, दुख हुने र भनेको मूल्य नपाउने समस्या रहेको कृषक हरिमाया बिकले बताउनुभयो । पर्याप्त सिचाई सुबिधा भएकाले तरकारी खेती गर्न भने सजिलो भएको कृषकहरूको भनाई छ । महिला सहकारी संस्थामा आवद्ध उनिहरूले तरकारी बेचेर भएको आम्दानी सहकारी संस्थामा बचत गर्छन् । उनिहरूले सहकारी संस्थाबाट ऋण लिएर तरकारी खेती सुरू गरेका थिए । त्यहाँका कृषकलाई तरकारी खेतीका लागि जिल्ला कृषि विकास कार्यालय, लघुउद्यम विकास कार्यक्रम र सहमती संस्थाले प्राबिधिक सहयोग गरेका छन् ।

म्याग्दीको पहिचान पुर्ख्यौली

■ सन्तोष गौतम

मारूनी नाच्दै आएका झिँका ७७ वर्षिय पतिराम थजाली बुढ्यौली शरीरको बावजुद् मौलीक कलालाई निरन्तरता दिईरहनु भएको छ ।

“शरिरले साथ नदिएपनि परम्परा जोगाउने दायित्व पुरा गरिरहेको छु” थजालीले भन्नुभयो “नयाँ पुस्ताले सिक्न चासो नदेखाउँदा मौलीक कला र संस्कृति हामीमैं सिमित छ ।”

म्याग्दीको देविस्थान ४ का ७० वर्षिय कमबहादुर पूर्जा मौलिक लोकलयमा आधारित ख्याली गीत गाउने कलाकार हुँनुहुन्छ । उहाँलाई ढल्कदो उमेरको भन्दा पनि आफ्नो शेषपछि परम्परालाई निरन्तरता दिने गाउँमा अर्को ब्यक्ती नभएकोमा बढी चिन्ता छ ।

“अगुवाहरू बितेर गए, नयाँ कसैले पनि सिकेनन्” ५० वर्षदेखि ख्याली गाउँदै आएका पूर्जाले भन्नुभयो “परम्परानै हराउने भयो भन्ने चिन्ताले सताएको छ।” झिँका पतिराम र देविस्थानका कमबहादुर मात्र नभएर म्याग्दीका धेरै अग्रज कलाकारहरूलाई भावी पुस्ताले मौलीकतालाई निरन्तरता नदिने हुन् कि भन्ने चिन्ताले सताएको छ ।

पश्चीमा संस्कृतीको बढ्दो प्रभाव, पुरानो संस्कृति सिक्न र जोगाउन प्रती ध्यान नदिदाँ म्याग्दीमा बसोबास गर्ने मगर समुदायको सांस्कृतिक पहिचान “पुर्ख्यौली” लोप हुने अवस्थामा पुगेको छ ।

मगर समुदायको जन्म, मृत्यु, बिवाह संस्कारमा अनिवार्य मानिने पुर्ख्यौली देखाउने चलन पछिल्लो समय हराउँदै गएको हो । ख्याली गाउने, मादले, मारूनी नाच्नेलाई पुर्ख्यौली भनिन्छ ।

जनशक्तिको अभाव हुँदा पुर्ख्यौली देखाउने चलन हराउँदै गएको देविस्थानका कुलबहादुर घर्तीले बताउनुभयो । “नाच गान गर्ने कला र गला भएका जनशक्तिको कमीले परम्परा जोगाउन धौधौ भएको छ” घर्तीले भन्नुभयो “युवा, युवती सहर र बिदेश गएपछि परम्परा धान्ने जिम्मेवारी बुढाबुढीको काँधमा आएको छ ।”

मगर समुदायमा कसैको जन्म, छेवार, बिवाह गर्दा र मृत्यु भएमा घरमा गएर पुर्ख्यौली गाउने र नाच्ने परम्परा छ । परिवेश अनुसार सुखद कार्यमा खुसीयाली मनाउन र दुःखद अवस्थामा समवेदना, सहानुभुती प्रकट गर्न पुर्ख्यौली देखाईने पुन समाज रामबजार पोखराका कलाकार चन्द्रजित पुनले बताउनुभयो । ख्याली गाउनका लागि १० जना जतिको गाउने समूह तथा पुर्ख्यौली नाच्न कम्तीमा दुई जना मादले, एक जना मारूनी र एक जना सिङ्गारू आवश्यक पर्छ ।

खेली गायनमा मुख्य भुमिका निभाउने पुरूष कलाकारलाई अन्य महिला कलाकारहरूले साथ दिन्छन् । पौराणिक तथा ऐतिहासिक आख्यानहरुमा आधारित रही विविध लय, ताल र शृङ्गारमा मादले, मारूनी नृत्यसहित ख्याली गाइन्छ । वैदिक गाथा, ईश्वरीय चरित्र, कुल देवताहरुको महिमागानका रुपमा ख्याली गाउने चलन रहेको कलाकार पुनले बताउनुभयो ।

खेलीको भाकामा भांग्रा, कछाड, टोपीको पहिरचनमा कम्मरमा भिरेको मादल बजाउदै मादलेहरू नाच्ने गर्छन् । मादलेसंगै जोडी भएर महिलाको भेषमा नाच्ने पुरूषहरूलाई मारूनी भनिन्छ । पुर्ख्यौली प्रस्तुत गर्न कम्तीमा पनि एक घण्टा समय लाग्छ ।

देविस्थान पुर्ख्यौली समूहका कलाकार निमबहादुर पुनका अनुसार पुर्ख्यौली देखाउँदा सुरूमा सरस्वती जगाईन्छ । सरस्वती जगाउँदा कतिपय मानिसहरूको शरीरमा कम्पन आउँछ । यस्तो हुनुलाई उनिहरू “सरस्वती चढेको” भन्छन् ।

मादलको तालमा बाईस थुङ्गा लगाउनुपर्छ । ख्याली गीत र मादले, मारूनी नाचको दश वटा चरण रहेका छन् । पुर्ख्यौलीको अन्तिममा कलाकार हरूले गीत र नृत्यको माध्यमबाट आर्शीवाद दिने गर्छन् । परिवेश अनुसार छुट्टा छुट्टै किसीमको गीत गाउने र नृत्य देखाउने चलन छ ।

बुढापाकामा सिमीत पुर्ख्यौलीको ज्ञान, सिप र कला युवा पुस्तामा हस्तान्तरण गर्न आवश्यक रहेको नेपाल मगर संघ म्याग्दीका सचिव लोकेश पुन मगरले बताउनुभयो । पुर्ख्यौली संरक्षणका लागि युवाहरूलाई जागरूक बनाउने उद्देश्यले संघले हालै बेनीमा जिल्ला स्तरीय पुर्ख्यौली नृत्य प्रतियोगिता आयोजना गरेको थियो ।

एउटा समूहमा कम्तीमा पनि चार जना चालीस वर्ष भन्दा कम उमेरका कलाकार सहभागि गराएर प्रतियोगिता सञ्चालन गरिएको थियो । दुई दिनसम्म सञ्चालित प्रतियोगितामा २१ समूहले सहभागिता जनाएका थिए । यसबाट युवा पुस्तालाई पुर्ख्यौलीको सांस्कृतीक र ऐतिहाँसीक महत्वका बारेमा ज्ञान प्राप्त भई संरक्षणमा अग्रसर बन्न प्रेरणा मिलेको सचिव पुनको भनाई छ । एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण नहुँदा पुर्ख्यौली लोप हुने अवस्था आएको मगर समुदायका अगुवाहरूले बताएका छन् ।

जिल्लाका केही बस्तीका मगर समुदायले पुर्ख्यौली सम्बन्धि नृत्य प्रशिक्षण कक्षा समेत सञ्चालन गरेका छन् । नयाँ पुस्तालाई खेली भाकामा गीत गाउने, मादले र मारूनी नाच्न सिकाउनका लागि प्रशिक्षण सञ्चालन गरिएको राम्चेको काफलडाँडाका छेमबहादुर पुर्जाले बताउनुभयो ।

नागी, राम्चे, हिस्तान, शिख, घार, नारच्याङ, भुरूङ तातोपानी, दाना, बेनी लगायतका मगर समुदायका युवायुवतीलाई पुर्ख्यौली सम्बन्धि प्रशिक्षण दिन थालीएको हो ।

हालै मादले नाच्न सिकेका बेनीका युवा लालबहादुर थापाले मौलीक कला र संस्कृतीको संरक्षण गर्नु युवा पुस्ताको दायित्व भएको बताउनुभयो ।

“परम्परागत कला र संस्कृती संरक्षण गर्न नसके पहिचाननै खतरामा पर्छ” थापाले भन्नुभयो “त्यसैले मौलीकता जोगाउन युवा पुस्ता जागरूक बन्न आवश्यक छ ।”

पसल सरेको सूचना

बेनी बजारको पिपलचोकबाट सेवा दिँदै आएको महारानी वर्कसप बेनी बजारको गणेशटोलबाट (शिखर होटलको अगाडी) यही मंसिर १५ गते देखि सेवा दिने सम्पूर्ण ग्राहक मानुभावहरुमा जानकारी गराउँदछौ । साथै, सुजिकी कम्पनिको मोटरसाइकल र स्कुटीको अधिकृत विक्रेता । सम्पूर्ण कम्पनीका मोटरसाइकल र स्कुटीहरु मर्मत, सर्भिसिङ र पार्टपुर्जाहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. सज्जन शाक्य (मोवाइल नं ९८५७६२३४०९)

महारानी वर्कसप

बेनी बजार,म्याग्दी

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाईँहरुको साथमा

लामा भान्छाघर एण्ड रेष्टुरेन्ट

कोटभण्डारचोक, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरू

- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु

फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा

प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair

प्रो. नरेश श्रेष्ठ

नरेश मोबाइल सेन्टर

हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१६०११

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४

बागलुङ देवी सुन चाँदी गहना पसल

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६

हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी

रारा अटोमोबाईल्स

पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)

हाम्रा सेवाहरू

विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सबै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह

गुप्ता फ्रेस हाउस

क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७

हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

प्रो. बुद्धि महत प्रबन्ध निर्देशक : प्रमिला जिसी महत
(मो.नं. ९८४९८३३२३८) (मो.नं. ९८४७७८११७१)

महत न्यू फेन्सी पसल

न्यूरोड, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरू

हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. मुकुन्द शर्मा प्रो. अमृतप्रसाद शर्मा
९८४७६४२९५६ ९८४७६५२०९०

विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स

शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७

हाम्रा सेवाहरू

छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७

संगम ट्रेडर्स & संगम हार्डवयर

कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८

हाम्रा सेवाहरू

हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।

ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता

हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286